गेरुवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया
५ नं प्रदेश, नेपाल
२०७३

## स्टेशनरी सामाग्री आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति :- २०७७/०५/१०)

यस गेरुवा गाउँपालिकालाई आवश्यक निम्न कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहायको शर्तको अधिनमा रही यस कार्यालयमा तपसिल बमोजिमको दस्तुर बुझाई (फिर्ता नहुने गरी) दरभाउपत्र फाराम खरिद गरी फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर र प्यान दर्ता प्रमाणपत्र, आ.व २०७५/७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र जमानत वापत तपसिलमा उल्लेखित रकम बराबर यस कार्यालयको नाममा इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको बिडबन्ड वा मेगा बैंक नेपाल लि. पशुपतिनगर बर्दिया स्थित गेरुवा गाउँपालिका धरौटी खाता ग ३ खाता नं ०९९००१०००६६६८ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ। विडबन्डको हकमा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि भएको हुनुपर्नेछ।

२. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिने छ।

३. यस सूचनामा उल्लेख भए बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

४. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार गेरुवा गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहने छ।

५. उल्लेखित कार्यको सम्झौता अवधि १ (एक) वर्ष को हुनेछ। स्वीकृत आपूर्तिकर्तालाई उक्त अवधिभित्र सम्झौतामा उल्लेख भए बमोजिमका सामान एकै पटक वा पटक पटक आपूर्ति गर्न यस कार्यालयले निर्देशन दिनेछ। सम्झौता अवधिभर सिलबन्दी दरभाउपत्रमा उल्लेख भएको भन्दा बढी परिमाणमा सामान गेरुवा गाउँपालिकालाई आवश्यक परेमा स्वीकृत आपूर्तिकर्ताले आफूले कबोल गरेको दररेटमा नै उक्त सामान आपूर्ति गर्नुपर्नेछ।

६. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र मो.नं ९८५८०३८११० मा सम्पर्क राख्न सकिने छ।

| क्र.सं | सूचना नं | कार्य विवरण | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोल्ने मिति र समय | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु. | सिलबन्दी दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | SQG GRM-01/2077-078 | स्टेशनरी सामाग्रि आपूर्ति गर्ने | २०७६/०५/२४ कार्यालय समयभित्र | २०७६/०५/२५ दिनको १२ बजे भित्र | २०७६/०५/२५ दिनको २ बजे | १०००।- | २७०००।- | |

............................................

कासी प्रसाद पंगेनी
प्रमुख प्रशासकिय अधिकृत